# जुगल गाउँपालिका
# स्थानिय राजपत्र

| | | |
|---|---|---|
| **खण्डः- ६** | **संख्याः- ९** | **कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०८।१८** |

**भाग-२(ङ)**

# हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**जुगल गाउँपालिका**

## गाउँकार्यपालिकाको कार्यालय

**वराम्ची,सिन्धुपाल्चोक**

**बाग्मती प्रदेश,नेपाल**

# हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना :** जुगल गाउँपालिकामा स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्रर्वद्धन र प्रोत्साहन गर्न तथा कृषि उपजको बजार सुनिश्चित र आयआर्जनमा बढावा दिई, सुरक्षित, सफा र स्वच्छ हाट बजार सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ ञ (२) को व्यवस्था कार्यन्वयन गर्ने जुगल गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम गाउँपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०"** हुनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जुगल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "संस्था" भन्नाले यस कार्यविधि बमोजिम हाट बजार सञ्चालन गर्ने निजी वा सामुदायिक संस्था वा सहकारी संस्था वा समुह सम्झनु पर्दछ ।

(छ) "शाखा" भन्नाले जुगल गाउँपालिकाको कृषि विकास शाखामा सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले यस कार्यविधि बमोजिमको हाट बजार व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले हाट बजार सञ्चालनका लागि तोकिएको फर्म वा सहकारी वा समुहले बनाएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यालय" भन्नाले जुगल गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ट) "हाट बजार" भन्नाले कुनै निश्चित समयमा कृषि तथा पशुपंक्षीको उत्पादन लगायत अन्य स्थानीय उत्पादनको खरिद बिक्री सम्बन्धी क्रियाकलाप गर्न यस कार्यविधि बमोजिम सञ्चालन गरिने बजार सम्झनु पर्दछ ।

(ठ) "सेवा शुल्क" भन्नाले व्यवसाय सञ्चालन गर्न उपलब्ध गराईएको स्थान तथा सुविधा वापतको भाडा, इजाजत शुल्क, प्रवेश शुल्क, नवीकरण शुल्क र अन्य शुल्क सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कृषि उपजहरुको उचित बजारीकरण गर्न सहयोग पुऱ्याउने,

(ख) कृषि उपज वा वस्तुको उचित मूल्य पाउने वातावरण तयार गर्ने,

(ग) बिउ बिजन, प्रांगरिक मलखाद, बिरुवा, बेर्ना, कृषि औजार तथा उपकरणहरु एकै स्थानमा उपलब्ध हुने व्यवस्था मिलाउने,

(घ) उपभोक्ताहरुलाई कृषि बजारहरुमा वर्षभरि तरकारी, फलफूल, माछा, पुष्प लगायतका खाद्य वस्तु आपूर्ति गर्न योगदान पुऱ्याउने,

(ङ) स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने र स्थानीयहरुको आयआर्जनमा टेवा पुऱ्याउने,

(च) नाशवान कृषि उपजको नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउने,

(छ) प्रांगरिक तथा वातावरणमैत्री कृषि उत्पादन र बजारीकरणलाई प्रत्साहन गर्ने ।

## परिच्छेद २

## हाट बजार सञ्चालन प्रक्रिया

**४. सञ्चालन गर्न सक्ने :** यस कार्यविधि बमोजिम तोकिएको शर्त तथा मापदण्ड पूरा गरी कुनैपनि निजी फर्म वा सहकारी संस्था वा समुहले जुगल गाउँपालिकाले तोकेको क्षेत्रमा हाट बजार सञ्चालन गर्न सक्नेछ । आवश्यकतानुसार समितिको निर्णय बमोजिम कार्यक्षेत्र बिस्तार गर्न सकिनेछ ।

**५. प्रस्ताव आव्हान :** (१) हाट बजार सञ्चालनका लागि अनुसूची १ बमोजिम गाउँपालिकाले प्रथम पटक कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२)सूचना पश्चात इच्छुक फर्म / समुह / सहकारीले आवश्यक सम्पूर्ण कागजात सहित अनुसूचि २ बमोजिम प्रस्ताव र निवेदन पेश गर्नुपर्ने छ ।

**६. प्रस्ताव छनौटका आधारहरुः** (१) पेश भएका प्रस्तावहरु अनुसूची ३ बमोजिम समितिले मूल्याङ्कन गरी कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ ।

(२) समितिले स्वीकृत गरेको प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थालाई निर्णय भएको मितिले ७ दिनभित्र गराउनु पर्नेछ ।

**७. हाट बजार व्यवस्थापन र अनुगमन समिति :**

(१) हाट बजार व्यवस्थापन र अनुगमन समिति ५ सदस्यीय रहनेछ जसमा

क.गाउँपालिका उपाध्यक्ष संयोजक

ख.प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग.आर्थिक विकास समितिको संयोजक सदस्य
घ.आर्थिक प्रशासन शाखा प्रमुख सदस्य
ङ.कृषि विकास शाखा प्रमुख सदस्य सचिव

**८. समितिको काम, कर्तव्य र अधिकार :**

(१) पेश भएका आवेदनहरु मुल्याङ्कन गरी छनौट गर्ने ।

(२) बिक्री गर्न ल्याइएका खाद्यान्न तथा अन्य बस्तु तथा सेवाको अनुगमन गरी गुणस्तर अभिवृद्धि गर्ने ।

(३) बजारमा हुने क्रियाकलापहरुको नियमित निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(४) बजारको विकास, सम्वर्द्धन, विस्तार, बजार स्थलको उपयोग तथा बजारको फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, नियम, मापदण्ड बनाई लागु गर्ने ।

(५) हाट बजार भित्र व्यवसाय सञ्चालनको क्रममा कुनै विवाद सृजना भएमा त्यसलाई समाधान गर्ने ।

(६) हाट बजार विस्तारको लागि आवश्यक परेको खण्डमा जग्गा खरिद, भवन निर्माण, आवश्यक मेशिनरी खरिद तथा भौतिक पूर्वाधार निर्माण गर्ने ।

**९. समितिको बैठक :**

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय, र स्थानमा आवश्यकतानुसार बस्नेछ ।

(२) बैठक बस्ने सूचना कम्तिमा २ दिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले बैठकको अध्यक्षता गर्नेछ ।

(४)समितिको कुल सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिले आवश्यक ठानेमा प्रचलित कानुन बमोजिम कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिले बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१०. हाट बजार सञ्चालक समिति :** (१) सञ्चालक समुह वा सहकारी संस्थाले हाट बजार सञ्चालनको लागि स्थानीय कृषक समुह/सहकारी/ कृषि उद्यमीहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ५ र बढीमा ११ सदस्यीय सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

(२) कार्यविधि बमोजिम तोकिएको मापदण्ड पुरा गरी हाट बजार सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

(३) सञ्चालक समितिका सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

(३) व्यक्तिगत फर्मद्धारा सञ्चालित हाट बजारको हकमा सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी सञ्चालक स्वयमको हुनेछ ।

**११. हाट बजार सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** (१) हाट बजारमा खानेपानी, बिजुली, शौचालय र फोहोर व्यवस्थापनको लागि संरचना निर्माण गर्ने ।

(२) बजार भित्रको सेवा, सुविधाहरुकको शुल्क निर्धारणका लागि हाट बजार व्यवस्थापन तथा अनुगमन समितिमा सिफारिस गर्ने ।

(३) हाट बजारको भौतिक पूर्वाधारको सुरक्षा, संरक्षण, सञ्चालन सम्भार तथा विकास गर्ने ।
(४) कृषि बजार सूचना सेवा प्रभावकारी बनाउने ।
(५) हाट बजार क्षेत्रलाई सफा राखी स्वस्थ वातावरण कायम गर्ने ।
(६) कृषि बस्तुहरुको प्याकेजिङ्ग, ग्रेडिङ्ग तथा गुणस्तर सम्बन्धी प्रोत्साहनमूलक कार्य गर्ने ।
(७) हाट बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने तथा पारिश्रमिक सेवा शर्त तथा सुविधा निर्धारण गर्ने ।
(८) हाट बजार स्थलमा बिक्री वितरण हुने बस्तुको प्रकृति र न्यूनतम परिमाण निर्धारण गर्ने ।
(९) हाट बजार सञ्चालनका लागि बनेका नीति, नियम, कार्यविधि र मापदण्ड कार्यान्वयन गर्ने ।
(१०) कृषि बस्तुको खरिद बिक्रीसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।
(११) हाट बजार सञ्चालन योजना, वार्षिक प्रगति र भौतिक सामग्रीहरुको विवरण हाट बजार व्यवस्थापन तथा अनुगमन समितिमा पेश गर्ने ।

**१२. सम्झौता र सञ्चालन स्थान :**

(१) हाट बजार सञ्चालनका लागि प्रस्ताव स्वीकृत भएका फर्म /समुह / सहकारीले बनाएको सञ्चालक समिति र जुगल गाउँपालिका बीच अनुसूची ४ बमोजिम ७ दिन भित्र सम्झौता गरिनेछ । उक्त सञ्चालक समितिले जुगल गाउँपालिकाद्धारा विगतका आ.व.मा निर्माण भएका तपसिलका स्थानमा हाट बजार सञ्चालन गनुपर्नेछ । तर आवश्यकतानुसार समितिको निर्णय बमोजिम कार्यक्षेत्र थप गर्न सकिनेछ ।

तपसिल :

| क्र.स. | संरचना रहेको स्थान |
|---|---|
| १. | कृषि उपज संकलन केन्द्र, जुगल ४, मान्जे |
| २. | कृषि उपज संकलन केन्द्र, जुगल ५, ढाँडे |

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्ध भएको मानी दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

**१३. कृषि उपज संकलन केन्द्र प्रयोग गर्न सक्ने :**

सम्झौता भएपछि गाउँपालिका अन्तर्गतको कृषि उपज संकलन केन्द्र र कृषि उपज बजार केन्द्र सञ्चालक समितिलाई हस्तान्तरण गरिनेछ । उक्त संकलन केन्द्र र कृषि उपज बजार केन्द्रको प्रयोग गरी हाट बजार सञ्चालन गर्न सक्नेछ ।

**१४. हाट बजार दर्ता तथा नवीकरण :**

(१) हाट बजार सञ्चालकले गाउँपालिकामा हाट बजार दर्ता गर्नुपर्नेछ । गाउँपालिकाले अनुसूची ५ र अनुसूची ६ बमोजिम इजाजत पत्र दिई अनुसूची ७ बमोजिम दर्ता अभिलेख राख्नेछ ।
(२) प्रत्येक वर्ष आर्थिक ऐनमा तोकिए बमोजिम शुल्क तिरी नवीकरण गनुपर्नेछ ।

**१५. वस्तु तथा सामग्रीहरुको व्यवस्थापन :**

(१) हाट बजारमा बिक्रिमा राखिने सामग्रीहरु तरकारी, अन्नबाली, मासु लगायत पशुपंक्षीजन्य पदार्थ, लत्ताकपडा, भाँडाकुडा, वीउविजन, फलफुल लगायतका सामग्रीहरुको छुट्टा छुट्टै वा एकै प्रकारको व्यवसायलाई एकै लहरमा व्यवस्थापन गनुपर्नेछ ।

(२) माछा बेचबिखनको लागि हाट बजारको पछाडिको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नुपर्नेछ । माछा सफा गर्न सफा पानीको राम्रो प्रबन्ध सहितको निकासको व्यवस्था भएको हुनुपर्नेछ ।

(३) हाट बजार क्षेत्र भित्र मदिरा, सुर्तिजन्य पदार्थ र अखाद्य वस्तुको प्रयोग, बिक्रि वितरण तथा सेवन पूर्णरुपमा निषेध गर्नुपर्नेछ ।

**१६. सूचना बोर्ड तथा छाप :**

हाट बजार प्रवेशको स्थानमा अनुसूची ८ बमोजिम हाट बजारको नाम तथा परिचय खुल्ने बोर्डको व्यवस्थाको साथै प्रत्येक स्टलको नम्बर प्रष्ट देखिने गरी राख्नुपर्नेछ । साथै अनुसूची ९ बमोजिम हाट बजारको छाप वा लोगो र अनुसूची १० बमोजिमको प्याडको व्यवस्था गनुपर्नेछ ।

**१७. स्टल बहाल प्रक्रिया :**

(१) भाडा दर कायम गर्दा सञ्चालकले स्टल रहने स्थान, बिक्री गर्ने बस्तु तथा सामग्री, बिक्रीकर्ता ( उत्पादक स्वयम वा व्यापारी) आदिको आधारमा भाडा दर निर्धारण गर्नसक्नेछ । यसरी भाडामा लगाउँदा सञ्चालकले प्रत्येक बिक्री कर्तासँग अलग अलग सम्झौता गनुपर्नेछ ।

स्पष्टीकरण: बहाल दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी गर्नुपर्नेछ

१८. सञ्चालन गर्न नपाइने : यस कार्यविधि विपरित हुने गरी हाट बजार सञ्चालन गर्न पाइने छैन ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**१९. अनुदान सम्बन्धि व्यवस्था :**

(१) हाट बजार सञ्चालन र व्यवस्थापनको लागि प्रत्येक वर्ष गाउँपालिकाले बजेट विनियोजन गर्नेछ ।

(२)छनौट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछः

(क) हाट बजार विभिन्न भौतिक संरचना निर्माण र मर्मत सम्भार गर्न

(ख) हाट बजार सञ्चालनका लागि विभिन्न औजार र उपकरण खरिद गर्न

(ग) विभिन्न स्थानबाट कृषि उपजको ढुवानी गर्न

(घ) सूचना प्रवाह गर्न ।

**२०. अनुदान प्रवाह विधि :**

(१) हाट बजार सञ्चालन गर्ने साझेदार संस्थाले २० प्रतिशत साझेदार रकम लगानी गर्नुपर्नेछ ।

(२) कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश भएपछि गाउँपालिकाले भुक्तानी गर्नेछ ।

(३) गाउँपालिकाले अनुदान रकम साझेदार संस्थाको खातामा जम्मा हुने गरी व्यवस्था गर्नेछ ।

## परिच्छेद ४
## विविध

**२१. पुरस्कार, जरिवाना, र दण्ड सम्बन्धी व्यवस्था :**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने हाट बजारलाई प्रोत्साहन गर्न समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी हाट बजारलाई अनुदान दिन वा सम्मान गर्न वा पुरस्कृत गर्न सक्नेछ ।

(२) समितिले अनुगमन गर्दा यस कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम हाट बजार सञ्चालन नभएको पाइएमा समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ :

(क) प्रथम पटकमा सुधारको लागि मौखिक वा लिखित सुझाव दिने,

(ख) लिखित सुझावको पालना नभए दोस्रो पटकको लागि नसिहत दिने र जरिवाना गर्ने,

(ग) तेस्रो पटकको लागि हाट बजार सञ्चालनमा रोक लगाउने ।

**२२. कार्यविधिको परिमार्जन :**

अनुगमन तथा मूल्याङ्कन र अनुभवको आधारमा यस कार्यविधिमा आवश्यकता अनुसार कार्यपालिकाले पुनरावलोकन गरी संशोधन वा परिमार्जन गर्न सकिनेछ ।

**२३. प्रचलित कानुन लागु हुने :**

प्रचलित कानुनमा व्यवस्था भएका विषयहरुमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**२४. बाधा अड्काउ फुकाउ :**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा प्रमुख प्रशासकीय अधिकृतले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## दफा ५ को (१) सँग सम्बन्धित
## प्रस्ताव आव्हानको सूचना ढाँचा
### विषय : हाट बजार सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचना

यस जुगल गाउँपालिकाको आ.व.............को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत हाट बजार सञ्चालन तथा कृषि संकलन केन्द्र सुधार कार्यक्रम रहेको हुँदा यस पालिका भित्रका कार्यक्रम सञ्चालन गर्न इच्छुक समुह / सहकारी / फर्मबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु :**

१. निवेदन
२. सम्बन्धित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको सिफारिस
४. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

**समुह र सहकारीको हकमा आवश्यक अन्य कागजातहरु :**

- विधान
- निर्णय माइन्युटको प्रतिलिपि
- सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
- लेखा परीक्षण प्रतिवेदन

................................
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची २**
**दफा ५ को उपलफा (२) सँग सम्बन्धित**
**निवेदनको ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
जुगल गा.पा., बराम्ची ।

विषय : हाट बजार सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा जुगल गाउँपालिकाले मिति ............ गते प्रकाशित सूचना अनुसार ............यस जुगल गाउँपालिका वडा नं.......स्थित कृषि उपज बजार केन्द्रमा ..............................................द्धारा हाट बजार सञ्चालन गर्नको लागि आवश्यक कागजात यसैसाथ संलग्न राखी निवेदन पेश गर्दछु / गर्दछौं ।

निवेदक
नामः
हस्ताक्षर :
छापः

**अनुसूची ३**
**दफा ६ को उपदफा (१) सँग सम्बन्धित**
**मूल्याङ्कनका आधारहरु**

| क.स. | मूल्याङ्कनका आधारहरु | सुचकहरु | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | नवीकरणको अवस्था | प्रत्येक वर्ष नवीकरण भएको | ३ |
| | | प्रत्येक वर्ष नवीकरण नभएको | २ |
| | | सूचना प्रकाशन भएपछि नवीकरण भएको | १ |
| २. | सञ्चालकको किसिम | सहकारी भए | ३ |
| | | समुह भए | २ |
| | | फर्म भए | १ |
| ३. | कृषि क्षेत्रमा संलग्नता | कृषि सहकारी भए | ३ |
| | | कृषि समुह भए | २ |
| | | कृषि फर्म भए | १ |
| ४. | वार्षिक आर्थिक कारोवारको अवस्था | बचतको अवस्था भए | १ |
| | | बराबरको अवस्था भए | ०.५ |
| | | घाटाको अवस्था भए | ०.५ |
| | जम्मा | | २० |

## अनुसूची ४
## दफा १२ को उपदफा (१) सँग सम्बन्धित
## सम्झौताको नमुना

हाट बजार स्थल..........................को व्यवस्थापन तथा सञ्चालनको लागि जुगल गाउँपालिका (यसपछि पहिलो पक्ष) र ...............................हाट बजार सञ्चालक समिति (यस पछि दोस्रो पक्ष) बीच आज मिति............ गते पहिलो पक्षले दोस्रो पक्षलाइ देहायका शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न मन्जुर भई मिति .................. गते देखी लागु हुने गरी यो सम्झौता गरी एक एक प्रति लियौ दियौ ।

शर्तहरु

१.यो सम्झौता पत्र **हाट बजार सञ्चालन तथा व्यवस्थापन** प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२.यो सम्झौता आजका मिति देखि प्रारम्भ भएको मानिनेछ र नयाँ सञ्चालक समिति गठन नहुँदा सम्म कायम हुनेछ ।

३. **"हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्यता हुनेछ ।

४. दोस्रो पक्षले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु परेमा अग्रिम रुपमा सोको स्वीकृती गाउँपालिकाको हाट बजार व्यवस्थापन तथा अनुगमन समितिबाट लिनुपर्नेछ ।

५. दोस्रो पक्षले तोकिएको अवधि समाप्त भईसकेपछि कार्यविधि बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले पहिलो पक्ष अनुगमनमा आउँदा आवश्यक सहजीकरण गनुपर्दछ ।

७. पहिलो पक्षले उपलब्ध गराउने अनुदानमा दोस्रो पक्षले २० प्रतिशत साझेदार गर्नुपर्नेछ ।

८. कार्य सम्पन्न प्रतिवेदन, अनुगमन र विल भर्पाईको आधारमा समितिको खाता मार्फत भुक्तानी हुनेछ ।

९. दोस्रो पक्षले सामाग्री खरिद गर्नु अघि पहिलो पक्षलाई जानकारी गर्नुपर्नेछ ।

१०. सामाग्री खरिद गर्दा आधिकारीक फर्म, संस्था वा कम्म्पनी बाट मात्र खरीद गर्नुपर्नेछ ।

११. भुक्तानी मागका लागि आउदा माथि उल्लेखित सामाग्री खरिद गरेको संस्थाको दर्ता प्रमाण पत्र चालु आ.व. को कर चुक्त, प्यान दर्ता आदि कागजात सहित पेश गर्नुपर्नेछ ।

१२. दोस्रो पक्षको लापरबाहीको कारणले भौतिक संरचनामा हानी नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१३. सम्झौतामा अन्य जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरित कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पतिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा हाट बजार सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्नेछ ।

१४. कार्यक्रम सञ्चालन गर्दा कुनै विवाद आएमा गाउँपालिकाको हाट बजार व्यवस्थापन तथा अनुगमन समितिको निर्णय नै अन्तिम मानिनेछ ।

१५.यो सम्झौतामा उल्लेख भएका कुरामा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| दोस्रो पक्षको तर्फबाट | साक्षी | पहिलो पक्षको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नामः | नाम : |
| पदः | पद : | पद : |
| छाप : | | छाप : |

**अनुसूची ५**
**दफा १४ को उपदफा (१) सँग सम्बन्धित**
**हाट बजार सञ्चालन अनुमतिपत्रको ढाँचा (अगाडी)**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक

**हाट बजार सञ्चालन इजाजतपत्र**

जुगल गाउँपालिका वडा नं..................मा सञ्चालन हुने हाट बजारलाई जुगल गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम जुगल गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गतको कृषि विकास शाखामा अभिलेख राखी कार्यविधिको दफा १५ बमोजिम यो इजाजतपत्र प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ६**
**दफा १४ को उपदफा (१) सँग सम्बन्धित**
**हाट बजार सञ्चालन अनुमतिपत्रको ढाँचा (पछाडी )**

हाट बजारको नाम....................................सञ्चालक समितिको अध्यक्षको नाम........................

| क.स. | आ.व. | नविकरण मिति | | शुल्क/मिति | कार्यालय प्रमुखको सहि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

**अनुसूची ७**
**दफा १४ को उपदफा (१) सँग सम्बन्धित**
**गाउँपालिकामा राखिने हाट बजार दर्ता र नविकरण अभिलेखको नमुना**

हाट बजार सञ्चालक समितिको नाम :

ठेगाना :

दर्ता नं.:

दर्ता मिति :

सम्पर्क फोन नं.:

| दर्ता/नवीकरण आ.व. | दर्ता/नवीकरण मिति | समितिको अध्यक्षको नाम | दर्ता/नवीकरण शुल्क | रसिद नं. | प्रमाणित गर्ने अधिकृतको सही | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची ८**
**दफा १६ सँग सम्बन्धित**
**सूचना बोर्डको नमुना**

| |
|---|
| हाट बजारको नाम : |
| ठेगाना : |
| सञ्चालक : |
| सम्पर्क व्यक्ति : |
| सम्पर्क नं.: |

**अनुसूची ९**
**लोगो र छापको नमुना**

हाट बजार सञ्चालक समिति
स्था: २०८०
कृषि मुलश्च् जिवनम्
जुगल, सिन्धुपाल्चोक

**अनुसूची १०**
**समितिले प्रयोग गर्ने प्याडको नमुना**

**हाट बजार सञ्चालक समिति**

......................................

**नेपाल**

Haat Market Management Committee (HMMC)

......................................

Nepal

प.सं.: मिति :

---

**आज्ञाले**
**प्रमुख प्रशासकिय अधिकृत**